

# अध्याय -५

# येशूले मानिसहरूलाई उपलब्ध गराउनुभएको प्रायश्चितको विधि वा क्षमाकार्यः क्रूस र चर्च

**यस अध्यायका मूल पदहरू: एफिसी २:११-२२; रोमी ३:३१; रोमी ७:१२; यशैया ५२:७; यशैया ५७:१९; यूहन्ना १४:२७; १ कोरन्थी ३:९-१७।**



यस अध्यायको मूल सार पदः "तर तिमीहरू, जो त्यस बेला ख्रीष्ट येशूबाट टाढ़ा थियौ, अब ख्रीष्टको रगतले नजिक भएका छौ। उहाँ आफै शान्ति हुनुहुन्छ र हामीलाई एक बनाउनुभएको छ।" एफिसी २:१३,१४।

उहाँ नै हाम्रो शान्ति हुनुहुन्छ। उहाँले हामी दुवैलाई एउटै बनाउनुभएको छ, र विभाजन ल्याउने शत्रुताको पर्खाल भत्काइदिनुभएको छ। र उहाँले व्यवस्थालाई त्यसका आज्ञाहरू र धार्मिक-विधानहरूसमेत आफ्नै शरीरमा खारेज गर्नुभएको छ, कि यी दुईका सट्टामा उहाँले आफैमा एउटा नयाँ मानिस सृष्टि गरून्, र यसरी शान्ति स्थापना होस्।" एफिसी २:१३-१५।

पावलले एफिससका विश्वासीहरूलाई यसरी सम्बोधन गरेको आभास् पाइन्छः "तिमीहरू अन्यजाति, नागरिकताको हैसियतले ग्रीक र यहूदीहरूको

दायरबाट बाहिरिएका अयहूदीहरू, तर यहूदीहरूको परमेश्वरको सम्पत्ति हुन सिकेका छौ। मानिसहरूको संस्कार, सभ्यताले निर्माण गरेका विभिन्न देवीदेवताहरूलाई छोडयौ, टुनामुना गर्ने, झाँक्री, जन्तरमन्तर गर्ने, ज्योतिष र अनेकौं सकुन, अपसकुन र अन्धविश्वासबाट स्वतन्त्र भएर एकमात्र सनातन परमेश्वरलाई पुज्न तिमीहरूले आफूहरूलाई सुम्प्यौ। जब तिमीहरू यरुशलेम मन्दिरको भव्य खम्बाहरूबाट भित्र सुन्दर प्राङ्गनमा पस्छौ, तब परमेश्वरको स्तुति प्रशंसाको निम्ति बाजा बजेको तिमीहरूले सुन्छौ। तर त्यहाँ चारफुट अल्गो ढुङ्गाको पर्खालले तपाईंलाई छेकेको सामना गर्नुहुन्छ। प्रत्येक फुटमा ल्याटिन र ग्रीक भाषामा यो लेखिएको सन्देश पढ्नुहुन्छः कुनै पनि विदेशी, अन्यजाति वा अयहूदी यस पर्खालबाट भित्र मन्दिरमा पस्न मनाही छ। यदि कसैले यसलाई नाघेर भित्र पसेमा उसले आफ्नो मृत्यु आफैले निम्त्याएको हुन्छ।" त्यसबेला तपाईं यहूदीहरूकै परमेश्वरलाई विश्वास गरेतापनि तपाईं बाहिर थुनिएको, अलग पारिएको र बिरानो भएको अनुभव गर्नुहुन्छ।

एफिसी २:११-२२मा येशूको क्रूसले नाटकिय भिन्नता गरेको पावलले देख्दछन्। परमेश्वर र मानिसको बीचमा खडा गरिएको सबै पर्खाल र बाधाहरू येशूको क्रूसले नाश गर्नुभएको थियो। मानिस र परमेश्वरका बीचमा खडा भएको सबै ठाडो पर्खाल वा  वाधाहरू येशूको क्रूसले बिलाएर उहाँसँग मिलाप गर्नुभएको छ। तेर्सोरूपमा हेर्ने हो भने क्रूसले मानिस मानिसका बीचमा भएको र एक आपसलाई अलग गर्ने विभिन्न जात जाति, धर्म, लिङ्ग, वर्ण आदि पर्खालहरू भत्काइ दिएको छ। यहूदी र अन्यजाति वा अयहूदीहरूमा भएका शत्रुता क्रूसले मेटाइदिएको छर तिनीहरूको बीचमा शान्ति ल्याउँदै नयाँ मानव जात खडा गरिएको छ (एफिसी २:१५)। दुवै यहूदी र गैर यहूदीहरू मिलेर नयाँ मन्दिर हुन पुगेको छ जहाँ परमेश्वर उहाँको आत्माद्वारा बास गर्नुहुन्छ (एफिसी २:२२)।

यस महान् सत्यको अर्थ हाम्रो निम्ति कतिको व्यवहारिक र अर्थपूर्ण छ?

## १. येशूमा नजिक ल्याइएको

**येशूलाई विश्वास गर्ने एफिसीका भक्तहरू अन्यजाति भएकाले पहिला कस्ता थिए भनेर एफिसी २:१-३ मा उल्लेख गरेकोसँग एफिसी २:११,१२ तुलना गर्नुहोस्। तिनीहरू बिगतबाट नयाँ आयाममा कसरी सरे भनेर पावलले कसरी वर्णन गर्दछन्? हेर्नुहोस्, "१ तिमीहरू आफ्ना अपराध र पापहरूद्वारा**

**मरेको बेलामा उहाँले तिमीहरूलाई जीवित पार्नुभयो। २ यिनैमा यस संसारको रीतिअनुसार र आकाशको शक्तिको मालिकअनुसार, अनाज्ञाकारिताका सन्तानमा अहिले काम गर्ने आत्माअनुसार तिमीहरू अघि एक पल्ट चल्दैथियौ। ३ तिनीमध्ये हामी सबै पनि शरीर र मनका इच्छा पूरा गरेर आफ्नो पापमय स्वभावका लालसामा अघि जिउँथ्यौं, र बाँकी मानिसजस्तै हामी स्वभावैले क्रोधका सन्तान थियौं।" एफिसी २:१-३ र "११ यसकारण याद राख, अघि तिमीहरू शरीरअनुसार अन्यजाति छँदा शरीरमा हातबाट खतना गरिएकाहरूले तिमीहरूलाई बेखतनाका मान्दथे। १२ याद राख, तिमीहरू त्यस बेला ख्रीष्टबाट अलग, इस्राएलका नागरिक हकबाट बाहिर भएका थियौ, र प्रतिज्ञाका करारहरूबाट बिराना, आशा नभएका र यस संसारमा परमेश्वररहित थियौ। १३ तर तिमीहरू, जो त्यस बेला ख्रीष्ट येशूबाट टाढ़ा थियौ, अब ख्रीष्टको रगतले नजिक भएका छौ।" एफिसी २:११-१३।**

त्यस समय, येशूका अन्यजाति विश्वासीहरू भएर उहाँको "शरीरका" वा चर्चका सदस्यहरू भएका थिए, तर बेखतना अयहूदी विश्वासीरू  यहूदी इस्राएलीहरूबाट पूरै अलग थिए। यहूदीहरूलाई उपलब्ध गराएको मुक्ति अरू जातिहरूलाई बंचित गराएको थियो। तिनीहरूको विगतको जीवन र जाति भएको याद गर्नु जरुरी छ भनेर  ती खतना नगरेका येशूभक्तहरूलाई पावलले सम्झाउँछन् (एफिसी २:११)। तिनीहरू "ख्रीष्टबिना" थिए, जो अभिशेक गरिनुभएको थियो। उहाँ इस्राएलीहरूको मसीह हुनुहुन्थ्यो। तिनीहरू इस्राएल राष्ट्रबाट अलग थिए। तिनीहरू करारहरूको प्रतिज्ञाबाट बिरानो भएका थिए। त्यो प्रतिज्ञामा परमेश्वरको मुक्ति समावेश भएको थियो जुन मुक्तिको इतिहासभरि उपलब्ध गराएको थियो। इस्राएलबाट अलग हुनु र इस्राएलीहरूलाई उपलब्ध गराइएको मुक्तिबाट तिनीहरू बिरानो भएकोले तिनीहरूमा "आशा" थिएन र यस संसारमा तिनीहरू "परमेश्वरबिना" अर्थहीन जीवन बाँचीरहेका थिए (एफिसी २:१२)।

फेरि तिनीहरूका विगतको अस्तित्वमा ती अन्य जातिहरू एक आपसमा र यहूदीहरूसँग ठूलो मतभिन्नताले गर्दा तिनीहरूमा कचकच भइरहेको थियो। यहूदी र अयहूदीहरूको बीचमा भएको घृणा, पानी नचल्ने जाति, अछुत जाति कसरी भए भनेर नाउँ तोकेरै पावलले उल्लेख गर्दछन्। यहूदीहरूले अरूहरूलाई "बेखतना" भएकोले तिनीहरू खतना गर्ने वा यहूदीहरूसँग उठबस

पनि गर्नुहुन्न भन्ने जातिय विभाजन थियो। (नेपालमा विदेशीहरूलाई म्लेच्छ भनेर विगतमा सम्बोधन गर्दथे)।

एफिसी २:१३मा पावलले त्यस विभाजनमा ठिक उल्टो वा परिवर्तन आएको थियो भनेर उल्लेख गर्दछन्। "तर अब तिमीहरू, जो त्यस बेला ख्रीष्ट येशूबाट टाढ़ा थियौ, अब ख्रीष्टको रगतले नजिक भएका छौ।" एफिसी २:१३।

जब अन्यजाति वा अयहूदी विश्वासीहरू एक फेरा टाढा थिए भनेर पावलले सम्बोधन गर्दा यशैया ५७:१९बाट उतारिएको देखिन्छः "टाढ़ा र नजिक बस्ने दुवैलाई शान्ति होस्, शान्ति," परमप्रभु भन्नुहुन्छ। "म तिनीहरूलाई निको पार्नेछु।" एफिसी २:१७,१८मा पनि यसरी उल्लेख गरिएको छ "१७ उहाँले आएर तिमी टाढ़ा भएका र नजिक भएकाहरूलाई मिलापको सुसमाचार सुनाउनुभयो, १८ किनकि उहाँद्वारा नै हामी दुवैले एउटै पवित्र आत्मामा पिताकहाँ प्रवेश पाएका छौं।" यशैया ५७: १७,१८मा यसरी लेखिएको छ "१७ त्यसको पापले भरिएको लोभको कारण म रिसाएको थिएँ। मैले त्यसलाई दण्ड दिएँ, र मेरो मुख लुकाएँ। तर पनि त्यो आफ्नै चालमा अटेरी गरेर चल्दैरह्यो। १८ मैले त्यसका चालहरू देखें, तर त्यसलाई म निको पार्नेछु। म त्यसलाई डोऱ्याउनेछु, र फेरि सान्त्वना दिनेछु।" यहूदी भाइबहिनीहरूबाट, परमेश्वरबाट र आशाबाट अलग गरिएका अन्य जातिहरू अब येशू ख्रीष्टमा र क्रूसद्वारा एकआपसमा नजिक भएका छन्। यहाँ जातभात वा जातिय, देशी विदेशी र रङ्गभेदले ग्रस्त भएको हाम्रो समाजको निम्ति शक्तिशाली शुभ खबर पावलले दिन खोजेको पाइन्छः यहूदी र अयहूदी वा अन्य जातिहरूको बीचमा भएका मतभेद, विभाजन र छिछिदुरदुर येशू ख्रीष्टको क्रूसले समाधान गर्न सकिन्छ। हाम्रो जीवनमा, हाम्रो चर्चमा र संस्कारमा भइरहेका विभाजनहरूलाई क्रूसको शक्तिले माथ गर्छन् र माथ गर्नुपर्छ भन्ने सन्देशलाई आत्मसात् गर्न हामी सबैलाई आह्वान गर्दछ।

**तपाईंलाई कुन अवस्थाबाट येशूले उद्धार गर्नुभयो? विगतको समयलाई बराबर सम्झिनु किन महत्त्व छ किनकि तपाईंले येशूलाई ग्रहण गर्नुभएन भने अहिले पनि तपाईंको अवस्था कस्तो हुने होला? सोच्नुहोस्।**

## २. मेलमिलाप वा पुनर्मिलनः क्रूसबाट उपलब्ध गराइएको परमेश्वरको उपहार

"१४ किनकि उहाँ नै हाम्रो शान्ति हुनुहुन्छ। उहाँले हामी दुवैलाई (यहूदी र अयहूदी) एउटै बनाउनुभएको छ, र विभाजन ल्याउने शत्रुताको पर्खाल भत्काइदिनुभएको छ। १५ र उहाँले व्यवस्थालाई त्यसका आज्ञाहरू र धार्मिक-विधानहरूसमेत आफ्नै शरीरमा खारेज गर्नुभएको छ, कि यी दुईका सट्टामा उहाँले आफैमा एउटा नयाँ मानिस सृष्टि गरून्, र यसरी शान्ति स्थापना होस्। १६ अनि उहाँले क्रूसद्वारा हामी दुवैलाई एउटै शरीरमा परमेश्वरसँग मेल गराएर शत्रुतालाई शेष पार्नुभयो।" एफिसी २:१४-१६।

क्रूस र येशूको कामको प्रभाव एफिसीहरूमा उल्लेख गरिएका पदहरूमा पावलले कसरी वर्णन गर्दछन्? क्रूस र एक आपससँग हाम्रो आमुल परिवर्तित सम्बन्धलाई पावलको भनाइ अनुसर तपाईंले कसरी सारांशमा व्यक्त गर्नुहुन्छ? हेर्नुहोस्, "७ उहाँको अपार अनुग्रहअनुसार ख्रीष्टको रगतद्वारा हामी उहाँमा उद्धार, हाम्रा पापको क्षमा, पाउँछौं, ८ जुन अनुग्रह उहाँले हामीलाई प्रशस्त मात्रामा दिनुभयो।" एफिसी १:७-८; "जसरी परमेश्वरले ख्रीष्टमा तिमीहरूलाई क्षमा गर्नुभयो, त्यसरी नै एउटाले अर्कालाई क्षमा गरेर तिमीहरू एक-अर्काप्रति कोमल मनका र दयालु होओ।" एफिसी ४:३२; "१३ तर तिमीहरू, जो त्यस बेला ख्रीष्ट येशूबाट टाढ़ा थियौ, अब ख्रीष्टको रगतले नजिक भएका छौ। १४ किनकि उहाँ नै हाम्रो शान्ति हुनुहुन्छ। उहाँले हामी दुवैलाई एउटै बनाउनुभएको छ, र विभाजन ल्याउने शत्रुताको पर्खाल भत्काइदिनुभएको छ।" एफिसी २:१३-१४; "अनि उहाँले क्रूसद्वारा हामी दुवैलाई एउटै शरीरमा परमेश्वरसँग मेल गराएर शत्रुतालाई शेष पार्नुभयो।" एफिसी २:१६; "२ तिमीहरू प्रेममा चल, जसरी ख्रीष्टले पनि हामीहरूसँग प्रेम गर्नुभयो, र परमेश्वरको निम्ति सुगन्धित भेटी र बलिदान भएर आफैलाई हाम्रा निम्ति अर्पण गर्नुभयो।.. २५ पति हो, आफ्ना पत्नीहरूलाई प्रेम गर, जसरी ख्रीष्टले पनि मण्डलीलाई प्रेम गर्नुभयो, र त्यसको निम्ति आफूलाई अर्पण गर्नुभयो।" एफिसी ५:२,२५।

एफिसी २:११-२२ अनुसार क्रूसले विश्वासीहरूलाई तीन महत्त्वपूर्ण दामी आत्मज्ञान दिएको पाइन्छः (१) अन्यजाति वा अयहूदीहरू जो परमेश्वर र उहाँका जनहरूबाट टाढा भएका थिए अब नजिक ल्याइएको छ (एफिसी २:१३। अब दुवै यहूदी र अयहूदीहरू परमेश्वरका छोराछोरीहरू भएका छन् र तिनीहरू एक आपसमा दाजुभाइ दिदी बहिनीहरू हुन पुगेका छन् (एफिसी २:१९) अर्थात् यहूदी र अन्य जातिहरू अब एकै परिवारमा गाभिएका छन्;

(२) यहूदी र अन्य जाति विश्वासीहरूको बीचमा भएको वैमनश्यता अब मारिएको छ (एफिसी २:१६)। ग्रिक भाषामा शत्रुतालाई एकथरान echthran भनिन्छ जुन शत्रु शब्द एकथ्रोससँग echthros सम्बधित छ। येशूको क्रूसले यहूदी र अन्य जातिहरको बीचमा भइरहेको स्थायी शत्रुता र युद्ध अब साम्य भएको छ। दुवै यहूदी र अन्य जातिहरू घोर शत्रुहरू थिए (एफिसी २:१७); (३) अब शत्रुता वा वैमनश्यताको ठाउँमा पुनर्मिलन वा मेलमिलाप भएको छ। "अनि उहाँले क्रूसद्वारा हामी दुवैलाई एउटै शरीरमा परमेश्वरसँग मेल गराएर शत्रुतालाई शेष पार्नुभयो।" एफिसी २:१६, "१७ उहाँ नै सबै कुराभन्दा अगाडि हुनुहुन्छ, र उहाँमा नै सबै कुरा बाँधिएर रहेका छन्। १८ उहाँ शरीर, अर्थात् मण्डलीका शिर हुनुहुन्छ, उहाँ नै सुरु हुनुहुन्छ, मरेकाहरूबाट जीवित हुनेहरूमा उहाँ ज्येष्ठ हुनुहुन्छ, ताकि प्रत्येक कुरामाथि उहाँ सर्वोच्च होऊन्। १९ किनकि उहाँको आफ्नो सारा पूर्णता ख्रीष्टमा वास गरेकोमा परमेश्वर प्रसन्न हुनुभयो, २० र परमेश्वरले उहाँका क्रूसको रगतद्वारा शान्ति गराएर पृथ्वीको होस् वा स्वर्गको होस्, उहाँद्वारा नै सबै थोकलाई आफूसँग मिलापमा ल्याउनुभयो।२१ बितेका समयमा दुष्ट काम गरेर तिमीहरू बिराना भई आफ्नो मनमा विरोधी भएका थियौ। २२ तर आफ्नो सामुन्ने तिमीहरूलाई पवित्र, निष्खोट र निर्दोष प्रस्तुत गर्न ख्रीष्टका मासुको शरीरमा उहाँको मृत्युद्वारा तिमीहरूलाई उहाँले अब मिलापमा ल्याउनुभएको छ"। कलस्सी १:१७-२२। विभिन्न कारणहरूले मानिस मानिसमा भएको वैमनश्यता र विभाजनलाई भत्काएर सम्पूर्ण मानव प्राणी एक बनाएर तिनीहरू परमेश्वरकै शरीर हो भन्ने अवधारणा येशूले क्रूसको रगतद्वारा दिलाइएको छ।

मेलमिलाप वा पुनर्मिलन कस्तो हुन्छ? मेलमिलाप हुनुमा कस्तो अनुभव हुन्छ? आमा र छोरीको बीचमा भएको वर्षौंसम्मको सम्बन्ध मिल्यो भने कस्तो हुने होला? दुई जनाहरूको बीचमा भएको वैमनश्यतालाई अनुग्रह र क्षमाले गर्दा बिलय भएको कस्तो होला? यो हो मेलमिलाप वा पुनर्मिलन। जब चर्चको एक सदस्यले अर्को सदस्यसँग वैमनश्यताले गरेको विभाजनमा एक आपसी क्षमा दिएर प्रिय दाजुभाइ वा दिदी बहिनी भएर अङ्गालो मार्दा कस्तो स्वर्गिय अनुभव हुन्छ। मेलमिलाप भनेको कुनै यान्त्रीक वा कानुनी प्रक्रिया पूरा गर्न मिल्ने होइन तर विग्रेको सम्बन्ध पारस्परिकरूपमा सम्बन्ध जोडेर खुशियाली र उत्सब मनाउने हो। क्रूसमा गरिएको ख्रीष्टको शक्तिशाली कामले व्यक्ति व्यक्तिहरूको बीचको सम्बन्धमात्र होइन विभिन्न वर्गका

मानिसहरूको बीचमा पनि मेलमिलाप बन्ने वातावरण बनेको छ भनेर पावलले भन्न आँट गरेको पाइन्छ। हाम्रो जीवनमा एक आपसको विभाजनलाई भत्केको, आपसी कलह साम्य भएको र एक आपसमा समझदारी भएर सङ्गतिको नविकरण भएको अवधारणा पावलको थियो।

**कसैसँग तपाईंको सम्बन्ध बिग्रेको छ भने त्योसँग मिल्न माथिका पदहरूमा दिएका नीतिहरूलाई कार्यान्वयन गरेर कसरी मिल्न खोज्नुहुन्छ?**

## ३. विभाजित पर्खाललाई भत्काउनु

**पावलले भन्दछन्, "१४ किनकि उहाँ नै हाम्रो शान्ति हुनुहुन्छ। उहाँले हामी दुवैलाई एउटै बनाउनुभएको छ, र विभाजन ल्याउने शत्रुताको पर्खाल भत्काइदिनुभएको छ। १५ र उहाँले व्यवस्थालाई त्यसका आज्ञाहरू र धार्मिक-विधानहरूसमेत आफ्नै शरीरमा खारेज गर्नुभएको छ, कि यी दुईका सट्टामा उहाँले आफैमा एउटा नयाँ मानिस सृष्टि गरून्, र यसरी शान्ति स्थापना होस्।" एफिसी २:१४-१५। येशूले विभाजन ल्याउने पर्खाल किन भत्काउनु भयो?**

येरुशलेममा राजा हेरोदले बनाएको मन्दिरको प्राङ्गनको वरिपरी पर्खालहरू थिए। ती पर्खालहरूमा "यहूदीहरूलाईमात्र" भन्ने साइनबोर्डहरू थिए। त्यसभित्र अरू जातिका मानिसहरू पस्यो भने मृत्युको सामना गर्नुपरेको थियो। जब पावलले माथिका पदहरू लेखे तब उनको दिमागमा ती पर्खालहरूलाई याद गरेको हुनुपर्दछ। येशूले ती पर्खालहरू भत्काउनुभयो र अन्यजाति वा अयहूदीहरू पनि भित्र पसेर परमेश्वरको आराधना गर्ने अवसर दिएको थियो भनेर उनले कल्पना गर्दछन् (एफिसी २:१८)। परमेश्वरको मन्दिरभित्र पस्ने कुनै पनि बाधा वा पर्खाल क्रूसले हटाएको छ भनेर पावलले जिकिर गर्दछन्। यहूदी र संसारका सबै जाति वा मानव प्राणीहरू अब येशूमा एक भएको छ भनेर हामी ती पदहरूमा सिक्दछौं।

कतिपय इसाईहरूले एफिसी २:१४,१५मा लेखिएको पर्खाल साबथ आज्ञा सहित दश आज्ञाहरू हुन् र तिनीहरूलाई क्रूसले हटाएको वा पन्छाएको छ भनेर सिकाउँछन्। तर एफिसीको पत्रमा हामी यो पाउँदछौ कि पावलले दश आज्ञाहरूप्रति उल्लेखनीय श्रद्धा देखाउँछन्। इसाई चेलापनलाई ढाल्न दश आज्ञाहरूको आवश्यकता भएको उनले बताउँछन्। उनले पाँचौ आज्ञालाई उद्धृत गर्छन् भने (एफिसी ६:१,३) अरू आज्ञाहरूको गरिमालाई पनि सम्मान गर्दछन् (सातौं आज्ञा, एफिसी ५:३-१४,२१-३३; आठौं, एफिसी ४:२८; नवौं

एफिसी ४:२५; दशौं एफिसी ५:५)। पावलले व्यवस्था वा दश आज्ञाहरूप्रति अगाडि समर्थन जनाएकोसँग ती पदहरू मिल्दछन् (रोमी ३:३१, ७:१२)। मानिसहरूले दश आज्ञाको दुरुपयोग गरेको उनले विरोध गर्छन् र यसलाई सम्मान गरेर यसको निरन्तरतालाई उनले जोर दिन्छन्। त्यसकारण माथिका पदहरूलाई उल्लेख गरेर दश आज्ञाहरू निलम्बन भयो भनेर तर्क गर्नु बाइबलका अरू पदहरूको आधारमा गलत व्याख्या गर्नु हो। दश आज्ञाहरूको गरिमाको निरन्तरता बाइबलमा जताततै घन्केको छ।

त्यसकारण, यहूदी र अयहूदीहरूको बीचमा दश आज्ञाहरूलाई पर्खाल बनाएर परमेश्वरको आराधना गर्न रोक्नु पावलको निम्ति श्राप हो। कतिपय इसाईहरूले नै दश आज्ञाहरू क्रूसमा हट्यो भनेर सिकाउँदा परमेश्वरको नियत वा लक्ष्यको दुरुपयोग गरिरहेका हुन्छन्। एफिसी २:१४-१५ पावलले व्यवस्था भनेर उल्लखे गर्दा ती विधिविधानहरू हुन् जसले यहूदी र अन्य जातिहरूलाई विभाजित गर्दछन्। "उहाँले व्यवस्थालाई त्यसका आज्ञाहरू र धार्मिक-विधानहरूसमेत आफ्नै शरीरमा खारेज गर्नुभएको छ" भन्ने पाववले व्यक्त गरेको धारणा कतिको निम्ति अप्ठ्यारो हुन्छ। तर पुरानो करारका पशुबलिसमेत अरू विधानहरू जसले येशूलाई औंल्याउँथ्यो अब उहाँ क्रूसमा मर्नुभएपछि तिनीहरूको औचित्य समाप्त भएको थियो। अन्य जातिहरूलाई यहूदीहरूबाट अलग राख्न ती विधानहरूलाई गलत व्याख्या गरेका थिए, त्यसमा थपेका थिए र जसरी त्यसरी परमेश्वरबाट अरू जातिहरूलाई अलग राख्न तिनीहरूलाई प्रयोग गरेका थिए।

**ती पदहरूकै मामिलामा सेभेन्थ-डे एडभेन्टिस्ट र लोकप्रिय इसाई समूहबो बीचमा तनाव भइरहेको छ। त्यसको सामना कसरी गर्ने र समाधान गर्ने? ख्रीष्टप्रतिको हाम्रो साझा प्रेमले ती तनावहरूबाट हामी कसरी अलग हुन सक्छौं?**

## ४. शान्तिका प्रचारक, येशू

**एफिसी २:१७,१८मा येशूको सेवाकार्यलाई कसरी संक्षिप्तरूपमा प्रस्तुत गरेका छन्? हेर्नुहोस्, "उहाँले आएर तिमी टाढ़ा भएका र नजिक भएकाहरूलाई मिलापको सुसमाचार सुनाउनुभयो, किनकि उहाँद्वारा नै हामी दुवैले एउटै पवित्र आत्मामा पिताकहाँ प्रवेश पाएका छौं।"**

एफिससका विश्वासीहरूलाई शान्तिको अवधारणा महत्त्वपूर्ण थियो। पावलले एफिसीको  पत्रको सुरु र अन्त्यमा "हाम्रा परमेश्वर पिता र हाम्रा प्रभु येशू ख्रीष्टबाट अनुग्रह र शान्ति।" "परमेश्वर पिता र प्रभु येशू ख्रीष्टबाट दाजुभाइहरूलाई शान्ति र विश्वाससहितको प्रेम!" (एफिसी १:२; ६:२३) भनेर व्यक्त गरेका थिए।" एफिसी २:११-२२मा येशू आफै शान्तिको व्यक्तित्व हुनुहुन्छ भनेर जिकिर गरेका थिए। उनले भन्छन्, "१४ किनकि उहाँ नै हाम्रो शान्ति हुनुहुन्छ। उहाँले हामी दुवैलाई एउटै बनाउनुभएको छ, र विभाजन ल्याउने शत्रुताको पर्खाल भत्काइदिनुभएको छ। १५ र उहाँले व्यवस्थालाई त्यसका आज्ञाहरू र धार्मिक-विधानहरूसमेत आफ्नै शरीरमा खारेज गर्नुभएको छ, कि यी दुईका सट्टामा उहाँले आफैमा एउटा नयाँ मानिस सृष्टि गरून्, र यसरी शान्ति स्थापना होस्। १६ अनि उहाँले क्रूसद्वारा हामी दुवैलाई एउटै शरीरमा परमेश्वरसँग मेल गराएर शत्रुतालाई शेष पार्नुभयो। १७ उहाँले आएर तिमी टाढ़ा भएका र नजिक भएकाहरूलाई मिलापको सुसमाचार सुनाउनुभयो।"  एफिसी २:१४-१७। येशूले नयाँ मानवतावादको सृष्टि गर्नुहुन्छ। उहाँले शान्ति र मेलमिलाप ल्याउनुभएर नयाँ मानव समाजको सृजना गर्नुभएको थियो। यस खालको शान्ति केवल द्वन्द्व वा कचकच रहितमात्र होइन तर हिब्रू भाषामा शलोम भनेर शान्तिको अभिवादनमा मानिसको सम्पर्ण शरीर, दिमाग र आत्मामा हुने स्वस्थ अनुभवलाई सम्बोधन गर्दछ। यसले हाम्रो आफ्नै व्यक्तिगत जीवनमामात्र होइन परमेश्वरसँग (रोमी ५:१) र अरूहरूसँग स्वस्थ सम्बन्ध राख्ने सन्देश दिंदछ।

**येशूका शान्तिको सन्देशमा उहाँका भक्तहरू पनि समावेश भएका छन् भनेर पावलले कसरी सुनाउँछन्? हेर्नुहोस्, "शान्तिको बन्धनमा पवित्र आत्माको एकता कायम राख्न प्रयत्न गर।" एफिसी ४:३; "१४ यसकारण आफ्ना कम्मर सत्यले कसेर, धार्मिकताको छाती-पाता लाएर खड़ा होओ, १५ र खुट्टामा मिलापको सुसमाचारका जुत्ता लाएर तयार होओ।" एफिसी ६:१४-१५; "१४ तर जसलाई विश्वास गरेकै छैनन् उहाँलाई मानिसहरूले कसरी पुकार्ने? जसको विषयमा सुनेकै छैनन् उहाँमाथि तिनीहरूले कसरी विश्वास गर्ने? र प्रचारकविना तिनीहरूले कसरी सुन्ने? १५ र कसैले नपठाईकन मानिसहरूले कसरी प्रचार गर्ने? जस्तो लेखिएको छ, "सुसमाचार प्रचार गर्नेहरूका पाउ कति सुन्दर!" रोमी १०:१४-१५ सँग "१७ उहाँले आएर तिमी टाढ़ा भएका र नजिक भएकाहरूलाई मिलापको सुसमाचार सुनाउनुभयो, १८ किनकि उहाँद्वारा नै हामी**

**दुवैले एउटै पवित्र आत्मामा पिताकहाँ प्रवेश पाएका छौं। १९ यसरी अब तिमीहरू विदेशी र प्रवासी होइनौ, तर सन्तहरूसँग तिमीहरू सङ्गी-नागरिक र परमेश्वरको परिवारका सदस्यहरू भएका छौ।" एफिसी २:१७-१९, "सुसमाचार प्रचार गर्नेहरूका पाउ डाँड़ाहरू हुँदो कति सुन्दर छन्, जसले शान्तिको घोषणा गर्दछन्, जसले शुभ समाचार ल्याउँछन्, जसले उद्धारको घोषणा गर्दछन्, जसले सियोनलाई भन्दछन्, "तेरा परमेश्वरले राज्य गर्नुहुन्छ।" यशैया ५२:७ र "१९ इस्राएलमा विलाप गर्नेहरूका मुखमा प्रशंसा उत्पन्न गराउनलाई। टाढ़ा र नजिक बस्ने दुवैलाई शान्ति होस्, शान्ति," परमप्रभु भन्नुहुन्छ। "म तिनीहरूलाई निको पार्नेछु।" २० तर दुष्टहरूचाहिँ छाल उठेको समुद्रझैं हुन्, जो शान्त हुन सक्दैन, जसको पानीले मैला र हिलो बाहिर फ्याँक्छ।" यशैया ५७:१९-२०।**

येशू शान्तिका प्रचारक हुनुहुन्छ भनेर सुसमाचारका पुस्तकहरूले विभिन्न उदाहरणद्वारा प्रस्तुत गरिएकाछन्। आफ्नो विदाइको समयमा येशूले चेलाहरूलाई र हामीलाई यो सन्देश दिनुभएको थियो, "शान्ति म तिमीहरूसँग छोडिराख्छु। म आफ्नो शान्ति तिमीहरूलाई दिन्छु। संसारले दिएजस्तो म तिमीहरूलाई दिँदिनँ। तिमीहरूको हृदय व्याकुल नहोस् र भयभीत नहोस्।" यूहन्ना १४:२७। येशूले ठोकुवा गरेर भन्नुभएको थियो, "मैले तिमीहरूलाई यी कुरा यस हेतुले भनेको छु, कि ममा तिमीहरूलाई शान्ति होस्। संसारमा तिमीहरूलाई सङ्कष्ट हुनेछ, तर साहस गर, मैले संसारलाई जितेको छु।" यूहन्ना १६:३३। पुनरुत्थानपछि जब चेलाहरूको माझमा येशू देखा पर्नुहुन्छ तब उहाँले तिनीहरूलाई बारम्बार भन्नुभएको थियो, "तिमीहरूमा शान्ति होस्" (यूहन्ना २०:१९,२१,२६)।

एफिसी २:१७,१८मा पावलले यो औंल्याउँछन् कि ख्रीष्टले प्रचार गर्नुभएको शान्ति उहाँका सांसारिक सेवमाकार्यभन्दा अपार रूपमा फैलिएको थियो। उहाँले बर्तमान वा निकट रहेकाहरूलाई र टाढा रहेकाहरूलाई शान्ति प्रचार गर्नुभएको थियो (येशूलाई विश्वास गर्नुभन्दा अघिका अन्यजातिहरूलाई), "निकटको" भनेर सम्बोधन गर्दा यहूदीहरूलाई औंल्याउँछन् (एफिसी २:११-१३)। यो सन्देशलाई स्वीकार गरेपछि सबै विश्वासीहरूले उल्लेखनीय आशिषको अनुभव गर्दछन्।

शान्तिको माध्यम नभएर शान्तिको प्रचारक हुन हामी कसरी सिक्ने? अहिले नै कुन परिस्थितिहरूमा हृदयमा चोट परेकाहरूलाई तपाईंले निको पार्न सक्नुहुन्छ?

## ५. चर्च, परमेश्वरको पवित्र मन्दिर

चर्चमा यहूदी र अन्यजाति, वर्णको बीचमा कसरी एक मानव जाति वा मानव परिवार हुन गएको छ भनेर पावलले विभिन्न चित्रणहरूद्वारा एफिसी २:११-२२मा व्यक्ति गर्दछन्? हेर्नुहोस्, "११ यसकारण याद राख, अघि तिमीहरू शरीरअनुसार अन्यजाति छँदा शरीरमा हातबाट खतना गरिएकाहरूले तिमीहरूलाई बेखतनाका मान्दथे। १२ याद राख, तिमीहरू त्यस बेला ख्रीष्टबाट अलग, इस्राएलका नागरिक हकबाट बाहिर भएका थियौ, र प्रतिज्ञाका करारहरूबाट बिराना, आशा नभएका र यस संसारमा परमेश्वररहित थियौ। १३ तर तिमीहरू, जो त्यस बेला ख्रीष्ट येशूबाट टाढ़ा थियौ, अब ख्रीष्टको रगतले नजिक भएका छौ। १४ किनकि उहाँ नै हाम्रो शान्ति हुनुहुन्छ। उहाँले हामी दुवैलाई एउटै बनाउनुभएको छ, र विभाजन ल्याउने शत्रुताको पर्खाल भत्काइदिनुभएको छ। १५ र उहाँले व्यवस्थालाई त्यसका आज्ञाहरू र धार्मिक-विधानहरूसमेत आफ्नै शरीरमा खारेज गर्नुभएको छ, कि यी दुईका सट्टामा उहाँले आफैमा एउटा नयाँ मानिस सृष्टि गरून्, र यसरी शान्ति स्थापना होस्। १६ अनि उहाँले क्रूसद्वारा हामी दुवैलाई एउटै शरीरमा परमेश्वरसँग मेल गराएर शत्रुतालाई शेष पार्नुभयो। १७ उहाँले आएर तिमी टाढ़ा भएका र नजिक भएकाहरूलाई मिलापको सुसमाचार सुनाउनुभयो, १८ किनकि उहाँद्वारा नै हामी दुवैले एउटै पवित्र आत्मामा पिताकहाँ प्रवेश पाएका छौं। १९ यसरी अब तिमीहरू विदेशी र प्रवासी होइनौ, तर सन्तहरूसँग तिमीहरू सङ्गी-नागरिक र परमेश्वरको परिवारका सदस्यहरू भएका छौ। २० त्यो घराना प्रेरितहरू र अगमवक्ताहरूको जगमाथि बसालेर निर्माण भएको छ, र ख्रीष्ट येशू आफैचाहिँ मुख्य कुने-ढुङ्गो हुनुहुन्छ। २१ उहाँमा पूरै घर ठीकसँग एकैसाथ जोडिएर प्रभुमा एउटै पवित्र मन्दिर हुनलाई बढ्दैजान्छ। २२ अनि पवित्र आत्मामा परमेश्वरको वासस्थान हुनलाई तिमीहरू पनि उहाँमा एकसाथ निर्माण हुँदैजान्छौ।"

एफिसी २:१-१०मा हामी येशूसँग एक भएकाछौं भनेर पावलले उल्लेख गर्दछन् भने पद ११-२२मा हामी चर्चका सदस्यहरू भएकोले विश्वासीहरू एक आपसमा एक भएर जिउँछौं। येशूका मृत्युले परमेश्वरसँग सिधा माथि सम्बन्ध राखेर चल्छौं (एफिसी २:१-१०) भने तेर्सोरूपमा

अरूहरूसँग टाँसिएर सम्बन्ध राख्ने भएका हुन्छौं (एफिसी २:११-२२)। यहूदी जाति वा राष्ट्र र अन्यजातिहरूको बीचमा भएको सबै पर्खालहरू येशूले भत्काउनुभएको थियो। परमेश्वरको दश आज्ञाहरूलाई दुरुपयोग गरेर वा गलत व्याख्या गरेर अरू जातिहरूलाई बाहिर ठन्क्याउने प्रवृत्ति पनि उहाँले हटाउनु भएको थियो (एफिसी २:११-१८)। येशूले अचम्मसँग अर्को घटकको निर्माण गर्नुहुन्छ, विश्वासीहरू समावेशभएको नयाँ मन्दिर। यहूदीहरूको पौराणिक मन्दिरका पवित्र ठाउँहरूबाट अन्य जातिहरूलाई छिःछीः दुर दुर गरेर बाहिर निकालिन्थ्यो र परमेश्वरको आराधना गर्न पनि दिइन्दैनथ्यो। अब येशूले खडा गर्नुभएको नयाँ मन्दिरमा दुवै यहूदी र गैर यहूदीहरू हातेमालो गरेर परमेश्वरको आराधना गर्न सक्दछन्। हामी सबै जना परमेश्वरको चर्चको भाग हौं, "परमेश्वरमा पवित्र मन्दिर" (एफिसी २:१९-२२)। अब हामी येशूसँग एक हुँदै हाम्रा दाजुभाइ दिदी बहिनीहरूसँग मायाको मित्रता गाँसेर एक भएर बाच्ने अवसर पाइरहेका छौं।

**एफिसी २:१९-२२मा पावलले चर्च भनेको मन्दिर हो भनेर कसरी चित्रण गरेका छन्। देहायका पदहरूसँग तुलना गर्नुहोस्: "१९ यसरी अब तिमीहरू विदेशी र प्रवासी होइनौ, तर सन्तहरूसँग तिमीहरू सङ्गी-नागरिक र परमेश्वरको परिवारका सदस्यहरू भएका छौ। २० त्यो घराना प्रेरितहरू र अगमवक्ताहरूको जगमाथि बसालेर निर्माण भएको छ, र ख्रीष्ट येशू आफैचाहिँ मुख्य कुने-ढुङ्गो हुनुहुन्छ।" एफिसी २:१९-२०; "९ हामी परमेश्वरका सहकर्मी हौं, तिमीहरूचाहिँ परमेश्वरका खेत हौ, परमेश्वरका भवन हौ। १० मलाई दिइएको परमेश्वरको अनुग्रहअनुसार, घर बनाउने निपुण कारीगरले जस्तै मैले जग बसालें, र अर्कोले त्यसमाथि घर बनाउँदैजान्छ। त्यसमाथि बनाउँदैजाने हरेक मानिसले कसरी बनाउँदैछ, सो ध्यान देओस्। ११ किनकि जुन जग बसालिसकिएको छ, जो येशू ख्रीष्ट हुनुहुन्छ, त्यसबाहेक कुनै मानिसले अर्को जग बसाल्न सक्दैन। १२ यदि कुनै मानिसले यस जगमाथि सुन, चाँदी, बहुमूल्य पत्थर, काठ, घाँस वा पराल प्रयोग गरेर घर बनायो भने, १३ प्रत्येक मानिसको काम प्रकट हुनेछ, किनकि न्यायको दिनले त्यो खुलस्त गरिदिनेछ। त्यो आगोद्वारा प्रकट हुनेछ, र हरेकले कस्तो काम गरेको छ, सो आगोले जाँच गर्नेछ। १४ यदि कुनै मानिसले त्यस जगमाथि बनाएको काम रहिरह्यो भने उसले इनाम पाउनेछ। १५ यदि कुनै मानिसको काम जलेर नष्ट भयो भने त्यसले नोक्सानी भोग्नुपर्नेछ, तर त्यो आफैचाहिँ आगोबाट उम्केझैं बाँच्नेछ।**

१६ के तिमीहरूलाई थाहा छैन, तिमीहरू परमेश्वरका मन्दिर हौ, र परमेश्वरका पवित्र आत्मा तिमीहरूमा वास गर्नुहुन्छ? १७ कसैले परमेश्वरको मन्दिरलाई नष्ट गर्छ भने परमेश्वरले त्यसलाई नष्ट गर्नुहुनेछ। किनकि परमेश्वरको मन्दिर पवित्र हुन्छ, र त्यो मन्दिर तिमीहरू नै हौ।" १ कोरिन्थी ३:९-१७; "१२ "सबै कुरा मेरो निम्ति न्यायसङ्गत छन्," तर सबै कुरा फाइदाका छैनन्। "सबै कुरा मेरो निम्ति न्यायसङ्गत छन्", तर म कुनै कुराको कमारो हुनेछैनँ। १३ "भोजन पेटको निम्ति, र पेट भोजनको निम्ति हो।" तर परमेश्वरले दुवैलाई नाश गर्नुहुनेछ। शरीर व्यभिचारको निम्ति होइन, तर प्रभुको निम्ति हो, र प्रभु शरीरको निम्ति हुनुहुन्छ। १४ परमेश्वरले आफ्नो शक्तिले प्रभुलाई जीवित पार्नुभयो, र हामीलाई पनि उहाँको शक्तिद्वारा जीवित पार्नुहुनेछ। १५ तिमीहरूका शरीर ख्रीष्टका अङ्गहरू हुन् भन्ने के तिमीहरूलाई थाहा छैन? त के म ख्रीष्टका अङ्गहरू लिएर तिनलाई वेश्याका अशुद्ध अङ्ग तुल्याऊँ? यो कदापि नहोस्! १६ वेश्यासँग जोडिने मानिस शरीरमा त्यससँग एक हुन्छ भन्ने कुरा के तिमीहरूलाई थाहा छैन? किनकि यस्तो लेखिएको छ, "ती दुवै एउटै शरीर हुनेछन्।" १७ तर जो प्रभुसँग एक हुन्छ, त्यो उहाँसँग आत्मामा एउटै हुनेछ। १८ व्यभिचारदेखि अलग बस। अरू जुनसुकै पाप जो मानिसले गर्दछ, त्यो शरीरबाट बाहिर हुन्छ, तर व्यभिचार गर्ने मानिसले आफ्नै शरीरको विरुद्धमा पाप गर्दछ। १९ तिमीहरूको शरीर पवित्र आत्माको मन्दिर हो, जुन पवित्र आत्मा तिमीहरूले परमेश्वरबाट पाएका छौ, र उहाँ तिमीहरूभित्र वास गर्नुहुन्छ भन्ने के तिमीहरूलाई थाहा छैन? तिमीहरू स्वयम् आफ्नै होइनौ। २० तिमीहरू मोल तिरेर किनिएका हौ। यसकारण तिमीहरूका शरीरमा परमेश्वरको महिमा गर।" १ कोरिन्थी ६:१२-२०; "१ अब तिमीहरूले लेखेका कुराहरूका विषयमा हेरौं: पुरुषले विवाह नगर्नु असल हो। २ तर व्यभिचारसम्बन्धी परीक्षा अनेक भएका हुनाले हरेक मानिसको आफ्नै पत्नी होस्, र हरेक स्त्रीको पनि आफ्नै पति होस्। ३ पतिले आफ्नी पत्नीलाई तिनको वैवाहिक हक देओस्, र यसरी नै पत्नीले पनि आफ्ना पतिलाई। ४ पत्नीले आफ्नो शरीरमाथि अधिकार राख्दिन, तर उसको पतिले राख्छ। यसरी नै पतिले पनि आफ्नो शरीरमाथि अधिकार राख्दैन, तर उसकी पत्नीले राख्छे। ५ पति पत्नीले आफ्नो पारस्परिक संसर्गदेखि एक-अर्कालाई इन्कार नगर। इन्कार गर्‍यौ भने पनि आपसमा सल्लाह गरेर केही समयको निम्ति मात्र, ताकि तिमीहरू प्रार्थनामा लागिरहन सक। तब फेरि एकसाथ बस, ताकि आत्मसंयमको अभावको कारणले शैतानले तिमीहरूलाई

परीक्षामा नपारोस्। ६ यो म तिमीहरूलाई आज्ञाको रूपमा होइन, तर अनुमतिको रूपमा भन्दछु। ७ सबै मानिस मजस्तै रहेको म इच्छा गर्दछु। तर हरेकलाई परमेश्वरबाट विशेष वरदान मिलेको छ, एउटालाई एक किसिमको, अर्कालाई अर्को किसिमको।" १ कोरिन्थी ७:१-७; "४ उहाँकहाँ जाओ, जो जीवित पत्थर हुनुहुन्छ। मानिसहरूबाट इन्कार हुनुभएको, तर परमेश्वरको दृष्टिमा उहाँ चुनिनुभएको र बहुमूल्य हुनुहुन्छ। ५ तिमीहरू पनि येशू ख्रीष्टद्वारा परमेश्वरको दृष्टिमा ग्रहणयोग्य आत्मिक बलिदान चढ़ाउने पवित्र पूजाहारीगिरीको निम्ति जीवित पत्थरहरूझैं आत्मिक घर बन्दैजाओ। ६ किनभने धर्मशास्त्रमा भनिएको छ, "हेर, सियोनमा एउटा छानिएको र बहुमूल्य कुने-ढुङ्गो म बसाल्छु, र जसले उहाँमाथि विश्वास गर्छ त्यो शर्ममा पर्नेछैन।" ७ यसकारण तिमीहरू जसले विश्वास गर्छौ तिमीहरूका निम्ति त उहाँ बहुमूल्य हुनुहुन्छ, तर विश्वास नगर्नेहरूका निम्ति चाहिँ, " जुन ढुङ्गालाई भवन निर्माण गर्नेहरूले रद्द गरे त्यहीचाहिँ कुनाको शिर-ढुङ्गा बन्यो।" ८ र, "एउटा ढुङ्गो, जसले मानिसहरूलाई ठेस खान लगाउँछ, एउटा चट्टान, जसले तिनीहरूलाई लोट्न लगाउँछ।" किनकि तिनीहरू वचन उल्लङ्घन गर्छन् र लोट्छन्। तिनीहरूका निम्ति यस्तै हुन तोकिएको थियो।" १ पत्रुस २:४-८।

अन्य जातिहरूलाई चर्चमा पूरै हुलाएर चर्च मन्दिर हो भनेर पावलले चित्रण गर्दछन्। पहिला तिनीहरूलाई इस्राएलको मन्दिरको परिसरबाट भित्र पसेर परमेश्वरको आराधना गर्न बन्देज लगाइएको थियो। अब तिनीहरू मन्दिरभित्र जान पाउनेमात्र होइन (एफिसी २:१८) तिनीहरू आफै पनि नयाँ मन्दिरका निर्माण सामग्रीहरू भएका छन्। "अनि पवित्र आत्मामा परमेश्वरको वासस्थान हुनलाई तिमीहरू पनि उहाँमा एकसाथ निर्माण हुँदैजान्छौ।" एफिसी २:२२।

नयाँ करारका लेखकहरूले चर्चलाई मन्दिर भनेर चित्रण गरेकोबाट चर्चको पवित्रतालाई देखाउँछ। चर्चको स्थापना र विश्वासीहरू बढाउन परमेश्वरको भूमिका हुन्छ र चर्चभित्रका विश्वासीहरू एकाभावनामा रहन्छन्। चर्चको चित्रणमा जीव विज्ञानको भाषा प्रयोग गरिएको छ (एफिसी २:२१ जहाँ मन्दिर "बढ्छ" रे) र त्यो बढ्ने प्रक्रियामा "तिमीहरू पनि एकसाथ निर्माण भएका छौ" (एफिसी २:२२) भनेर विश्वासीहरूको सँलघ्नतालाई पावलले सम्मान गरेको पाइन्छ। चर्च कुनै एक ठाउँमा हलचल नगरि बस्ने निर्माण सामग्रीहरूले बनेका नभएर आराधकहरूको समूह हो जुन् "जीवित परमेश्वरको

मन्दिर" हो (२ कोरन्थी ६:१६) अर्थात् चर्च पनि जीवित र चल्तापूर्जा निकाय हो।

## उपसंहार

**थप जानकारीः** चिन्तनमनको निम्ति सम्बोधन गरिएका देहायका प्रश्नहरू राम्रोसँग ध्यान दिएर अध्ययन गर्नुहोस्ः

एफिसी २:११-२२ पावलले कुन विशेष सन्दर्भमा लेखेका थिए? मानव सम्बन्धमा क्रूसको उल्लेखनीय प्रभाव केछ ? उनले यहूदी र गैर यहूदीहरू विश्वासीहरूको बीचमा भएको सम्बन्धलाई सम्बोधन गरेका थिए। ती दुवै समूह अब चर्चका सदस्यहरू हुन गएकोछ। तिनीहरूको जीवन एक आपसको निम्ति हो र बाँड्नुपर्छ भनेर बुझोस् भन्ने उनको चासो थियो। तिनीहरू दुवै समूह अब परमेश्वरको घरानाका सदस्यहरू हुन् भनेर तिनीहरूले बुझ्नु आवश्यक छ भनेर उनले सम्झाउँछन् (एफिसी २:१९)। तर पूरै पत्रको सन्दर्भमा विश्वासीहरूको दायरा फराकिलो हुनुपर्दछ र तिनीहरूको लक्ष्य अपार हुनुपर्दछ भनेर देखाइएको छ। पावलको मूख्य विषय बस्तु ने परमेश्वरको महान् र अन्तिम योजनामा सबै थोकहरू ख्रीष्टमा एक बनाउने हो । पृथ्वीको मात्र होइन स्वर्गको प्रत्येक परिवारलाई एकताको सूत्रमा राख्ने परमेश्वरको योजना हो (एफिसी ३:१५)।

अझ महत्त्वपूर्ण त यो छः चर्चका सदस्यहरूमा एकता हुनु भनेको त्यसको अर्थ अझ बिशाल छ जुन उनले एफिसी ३:१०मा उघार्दछन्: "ताकि यसरी मण्डलीद्वारा परमेश्वरका विभिन्न किसिमका ज्ञान स्वर्गीय स्थानहरूमा शासकहरू र अख्तियारवालाहरूका माझमा प्रकट गरिओस्।" क्रूसले गर्दा विश्वासीहरूमा भएको एकताको मूर्तरूपले ख्रीष्टमा सबै थोकहरूलाई एक बनाउने परमेश्वरको योजना अघि बढिरहेको छ भनेर देखाउँदछ। विश्वासीहरूका बीचमा भएको मेलमिलापले सारा जगत ब्रह्माण्डलाई येशूमा एकताको सूत्रमा राख्ने परमेश्वरको योजनाको घन्टी बजाएको थियो। त्यसकारण एफिसी २:११-२२ सबै एफिसीको पत्रको सन्दर्भमा हेर्नु उचित छ। आजको समसामयी विषय भनेकै बाइबलको नीति अनुसार सबै जात जाति, वर्ण वा वर्गहरूलाई एकताको सूत्रमा राख्ने हो ।

**चिन्तनमननः**

अ. विभिन जाति, वर्ण र वर्गहरू एक हुनुपर्छ भनेर बाइबलको नीतिहरूलाई एफिसी २:११-२२ले कसरी औंल्याउँछन्? येशूमा केन्द्रित भएर चर्चमा भएको विभिन्न जातिहरूको बीचमा राख्नुपर्ने सम्बन्धको बारेमा ती पदहरूले विशेष गरेर के औंल्याउँछन्?

आ. भविष्यको मानव जातिको निम्ति परमेश्वरका योजनालाई (एफिसी १:९,१०; एफिसी २:११-२२ मध्यनजर राखेर चर्चमा हुने आन्तिरिक विषयबस्तु र विभिन्न जात तथा वर्णको बीचमा भएको द्वन्द्वको मामिलालाई चर्च आफैले समाधान गर्नु कतिको महत्त्वपूर्ण छ?

इ. तपाईंहरू इसाई वा सेभेन्थ-डे एडभेन्टिस्ट हौं भनेर दावी गरेतापनि तपाईको समाजमा के लुकिएको जातिय भेदभाव छ जुन जल्दोबल्दो विषय भइरहेको छ? येशूले क्रूसमा के गर्नुभयो त्यसालाई ख्यालमा राखेर जात भातको बीचमा भएको भिन्नतालाई चर्चले कस्तो सकारात्मक भूमिक खेल्न सक्दछ? त्यस काममा तपाईं आफै कसरी सहभागी हुन सक्नुहुन्छ?

## कथा ५

# श्रीमती पाउन नयाँ तरिका

## जिबिगनिभ,पोलाण्ड



जिबिगनिभले कम्युनिस्टले शासन गरेको पोलाण्डमा एडभेन्टिस्ट सेमिनारीमा पास्टरीय विद्या हासिल गरेर ग्राडुयट भएका थिए। आफ्नो पढाइ सकेपछि उनलाई एक असल र प्रभुमा समर्पित श्रीमती पाऊन् भनेर परमेश्वरसँग प्रार्थना गरेका थिए। यदि आफू असल पास्टर हुन्छ भने आफ्नो निम्ति असल श्रीमतीको पनि आवश्यक छ भनेर उनले महसुस गरेका थिए।

ग्राजुयट भएको लगतै चर्चका अगुवाहरूले जिबिगनिभ र अरू एक दर्जनजति विद्यार्थीहरू पोलाण्डको उत्तरदक्षिण भागमा घर घरमा जान पठाएका थिए। यो क्षेत्र जिबिगनिभको उत्तरमा रहेको घरभन्दा धेरै टाढा थियो। ती युवाहरूलाई मानिसहरूको आवश्यकतामा सहायता गर्न, इसाई पुस्तकहरू दिन र बाइबल अध्ययन दिन खटाएका थिए।

जिबिगनिभ र उनका साथीहरू दुई दुई गरेर छुट्टिए। सित्तैंमा सहयोग पाउँछन् भनेर कतिले विश्वास गरेका थिएनन्। प्रत्येक बेलुका ती युवाहरूले इच्छुकहरूलाई बाइबल सिकाएका थिए।

एक दिन जिबिगनिभ र उनको साथी यरेकले लेस्को सहरको घरघरमा ढकढक्याउन पुगेका थिए। त्यसबेला भारी वर्षा भइरहेको थियो। कालो बादलहरूले घाम छेकेको थियो। अनि जाडो र चिसो पनि धेरै थियो। धेरै मानिसहरू ढोकामा चुकुल लगाएर भित्र बसेका थिए। केही घरहरू चहारेपछि एउटा घरमा एक अधवैंसे महिलाले ढोका खोलिन्। उनी ४० वर्ष जतिकी थिइन्। "तिमी को हौ। मेरो ढोका किन घचघच्यायौ?"

आफूहरू येशूभक्त भएका र येशूको बारेमा सुनाउन चाहेका जिबिगनिभ र यारेकले बताए। "म नुहानु लागेको छु। म मेरो श्रीमानलाई बोलाउँछु। उहाँले तिमीहरूसँग कुरा गर्नुहुन्छ कि भनेर म सोध्छु। अनि उनले ढोका बन्द गरेर तिनीहरूलाई बाहिरै राखेर ढोका थुनेर भित्र गइन्। अरू घरका मानिसहरूले पनि तिनीहरूलाई त्यसै गर्दथे। उनी फर्किन्छिन कि फर्किन्दैनन् भनेर सोच्दै जिबिगनिभ र साथी बाहिरै उभिरहे। धेरै बेरपछि त्यो महिला फर्केर आइन् र भनिन्, "मेरा श्रीमान् सञ्चो छैन। तिमीहरूसँग कुरा गर्न चाहँदैन। तर तिमीहरूसँग कुरा कानी गर्न चाहन्छु र येशूको बारेमा सुन्न

चाहन्छु। तिमीहरू पछि फर्केर आउँछौं कि?" आफू फर्किने ती युवाहरूले बताए। जब पछि तिनीहरू फर्केर आए त्यस महिलाले तिनीहरूलाई आफ्नो बैठकमा लगिन्। त्यसबेला १० जना जति मानिसहरू भेला भएका थिए। येशूको बारेमा ती युवाहरूले के भन्न सुनाउन चाहेका थिए ती मानिसहरू सुन्न इच्छुक थिए। त्यस कोठामा माया नाउँ गरेकी युवती पनि थिइन्। केही समय उनले आफ्नै बाइबल पढ्दै थिइन्। उनले पनि असल श्रीमानको निम्ति प्रार्थना गर्दै थिइन्। उनको सहरका अरू युवाहरू मद्यापान र धुम्रपान गर्दथे। परमेश्वरप्रति बफादारी भएको र कुनै पनि कुलतमा नलागेको श्रीमानको निम्ति उनले प्रार्थना गर्दै थिइन्। भेटघाट र बाइबल अध्ययन पछि मायाले त्यस महिलालाई बताइन्, " जिबिगनिभलाई म श्रीमान बनाउन चाहन्छु।"

केही समय पछि जिबिगनिभले मायालाई अर्को सहरमा बाइबल अध्ययन गर्न निम्तो दिए। त्यो सहर ६० माइल वा १०० किलोमिटर जति टाढा थियो। तिनी गइन् र दुई जना एक आपसमा पत्राचार गर्न थाले। यो १९८६को कुरो हो। त्यसबेला मोबाइल र इमेलको जन्म भएको थिएन।

अर्को वर्ष अर्थात् १९८७मा प्रचारक मार्क फिन्लीले पोलाण्डको बन्दरगाह क्षेत्र गडान्स्कमा सुसमाचार प्रचार गर्ने कार्यक्रम गरे। जिबिगनिभले मायालाई त्यस कार्यक्रमा सरिक हुन अनुरोध गरे। हरेक बेलुका १२०० मानिसहरूसँग सुसमाचार सुन्न सहभागी भइन्। त्यो कार्यक्रम सिनेमा हलमा भएको थियो। कार्यक्रमको अन्तिम समयमा मायाले आफ्नो हृदय बप्तिस्माद्वारा येशूलाई दिन निर्णय गरिन्।

आजा जिबिगनिभ र मायाले विवाहित जीवन बिताएको ३५ वर्ष भयो। तिनीहरूका दुई हुर्केका छोरीहरू छन्। तिनीहरूको नाउँ माया र नाटली हुन्। जिबिगनिभ पास्टरमात्र नभएर सेमिनारीमा शिक्षक, चर्चको अगुवा, र पोलाण्डको होप प्रसारणको नियमित वक्ता हुनुहुन्छ। आफ्नो र मायाका प्रार्थनाहरू परमेश्वरले कसरी सुन्नुभयो सो सम्झेर जिबिगनिभ छक्क पर्छन्।

"मेरो परिवार पोलाण्डको टाढा उत्तरबाट आएको हो भनेर मेरी श्रीमती टाढा दक्षिणबाट आएकी हुन्। परमेश्वरको हस्तक्षेप बिना हाम्रो मिलन हुनु असम्भव थियो," खुशी भएर जिबिगनिभले बताए।

तिनीहरूका विवाहको श्रेय पुस्तक बेचेर सुसमाचार प्रचार गर्ने अवसरलाई उनले दिन्छन्। म जहिले पनि युवाहरूलाई यही भन्छु, "घर घर जाने बेलामा बढो होसियार अपनाउनुपर्छ है! किनभने तिमीहरूले त्यहाँ श्रीमती पाउन सक्नेछौ।"